नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

त्रैमासिक
# अनुसन्धान बुलेटिन
वर्ष १ अंक १ साउन-असोज २०७८

## आ.व. २०७७/०७८ को वार्षिक प्रगति विवरण

राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन सम्बन्धमा अनुसन्धान तथा तहकिकात गरी कसूरदारलाई कानूनको दायरामा ल्याइ मुलुकमा राजस्व चुहावट नियन्त्रण र आर्थिक अपराधको न्यूनीकरण गर्ने मुख्य जिम्मेवार तथा विशिष्टीकृत निकायको रुपमा यस विभाग रहेको छ । विभागले उल्लिखित विषयको कार्यसम्पादन, अनुसन्धान तथा अभियोजन गर्दा मूलत राजस्व चुहावट नियन्त्रण (अनुसन्धान तथा नियनत्रण) ऐन, २०५२ तथा सो सम्बन्धी नियमावली, २०७०, विदेशी विनिमय नियन्त्रण ऐन, २०१९ तथा सो को नियमावलीहरु, २०७०, कर, भन्सार तथा गैरकर सम्बद्ध अन्य ऐन तथा नियमावलीको आधारमा प्रर्वद्धनात्मक, निरोधात्मक र उपचारात्मक रणनीतिहरु अपनाउंदै आएको छ । आ.व. २०७७/७८ मा राजस्व चुहावट तर्फ३१७ जनालाई प्रतिवादी जम्मा ८४ वटा मुद्दा दायर गरी रु. १९ अर्व ८२ करोडको बिगो मागदावी लिईएकोमा, विदेशी विनिमय अपचलन तर्फ ११४ जनालाई प्रतिवादी बनाई जम्मा ५४ वटा मुद्दा दायर गरी रु. ४ अर्व ९५ करोडको बिगो मागदावी लिईएको छ । त्यस्तै VCTS अनुगमन तर्फ जम्मा १०३९ संख्यामा कारवाही गरी रु. ७ करोड ५० लाख जरिवाना असुल गरिएको छ ।

**मुख्य कार्यहरूको संक्षिप्त प्रगति विवरण (आ.व. २०७७/७८)**

**राजस्व चुहावट तर्फ**

| प्राप्त सूचना संख्या | मुद्दा दर्ता | | | लेखी पठाएको (संख्या) | अनुसन्धानबाट तामेलीमा गएको | फछ्र्यौट भएको जम्मा संख्या | चालु संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिवादी संख्या | माग दावी | | | | | |
| १७३४ | ८४ | ३१७ | १९ अर्व ८१ करोड | ३४५ | ६७२ | ११०१ | ६३३ | |

**विदेशी विनिमय तर्फ**

| प्राप्त सूचना संख्या | मुद्दा दर्ता | | | लेखी पठाएको | अनुसन्धानबाट तामेलीमा गएको | फछ्र्यौट भएको जम्मा संख्या | चालु संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिवादी संख्या | माग दावी | | | | | |
| २५१ | ५४ | ११४ | ४ अर्व ९४ करोड | ० | १३ | ६७ | १८४ | |

### विभाग अन्तर्गतका कार्यालयहरू

**राजस्व अनुसन्धान कार्यालय, इटहरी, सुनसरी**
- इमेल - itahari@dri.gov.np
- फोन नं. - ०२५-५८२६०४, ५८०६३५, ५८५०९७

**राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारा**
- इमेल - pathlaiya@dri.gov.np
- फोन नं. - ०५३-५२०२८८, ५२०४५८, ५२१८२४

**राजस्व अनुसन्धान कार्यालय, बुटवल, रूपन्देही**
- इमेल - butwal@dri.gov.np
- फोन नं. - ०७१-५५०४१७

**राजस्व अनुसन्धान कार्यालय, कोहलपुर, बाँके**
- इमेल - kohalpur@dri.gov.np
- फोन नं. - ०८१-५४१६९९, ५४०२३९, ५४१९०७

### हाईलाइट्स

- संक्षिप्त वार्षिक प्रगति विवरण
- केन्द्रीय राजस्व चुहावट अनुगमन समितिको बैठक
- राजस्व चुहावट प्रवृत्तिहरू
- राजस्व चुहावट गर्ने क्रममा देखिएका केही दृष्यहरू
- राजस्व अनुसन्धान सम्बन्धी समाचारहरू
- राजस्व अनुसन्धान विभागको अनुरोध

# महानिर्देशकको सन्देश



महानिर्देशक

आर्थिक सूचना प्रणालीको माध्यमबाट पारदर्शी अर्थतन्त्र, स्वच्छ एवम् उत्तरदायी राजस्व प्रशासनको विकास गरी राजस्व चुहावट तथा आर्थिक अपराध नियन्त्रण गर्दै अनौपचारिक अर्थतन्त्रलाई क्रमश औपचारीकतामा परिवर्तन गर्ने उद्देश्यले वि.सं. २०५० सालमा राजस्व अनुसन्धान विभागको स्थापना भएको हो । निर्दिष्ट सोचतर्फ उन्मुख भई उपरोक्त उद्देश्य परिपूर्तिका लागि विभागले प्रवर्द्धनात्मक निरोधात्मक तथा उपचारात्मक रणनीति अवलम्वन गर्दै कर तथा गैर कर राजस्व चुहावट एवं आर्थिक अपराधको अनुसन्धान तथा नियन्त्रण, विदेशी विनिमयको अवैध ओसार पसार तथा अपचलनको अनुसन्धान तहकिकात गरी अभियोजन गर्ने र राजस्व प्रशासनको सुधार तथा प्रभावकारिताका लागि नीतिगत पृष्ठपोषण गर्ने कार्य गरिरहेको छ ।

आन्तरिक तथा बाह्य सूचना संयन्त्रबाट सूचना संकलन तथा विश्लेषण गरी आवश्यकता अनुसार नियमित तथा द्रुत गस्ति परिचालन, आकस्मिक निरीक्षण, खानतलासी, मालवस्तु तथा मानिस पक्राउ, बयान तथा प्रमाण संकलन गरी वस्तुनिष्ठ तथ्य र प्रमाणका आधारमा कसुर अपराधको यकिन गरी सरकारी वकिल कार्यालयको राय लिई सम्मानित अदालतमा अभियोजन गर्ने गरिन्छ । कोभिड-१९ को महामारीका वावजुद आर्थिक वर्ष २०७७।७८ मा राजस्व अनुसन्धान विभागले राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन नियन्त्रणका लागि महत्त्वपूर्ण उपलब्धीहरू हासिल गर्न सफल भएको छ । झुठ्ठा तथा नक्कली मु.अ.कर विजकको प्रयोग गरी राजस्व चुहावट गर्ने व्यक्ति तथा फर्महरूको अनुसन्धान तहकीकात र अभियोजनमा थप तिव्रता दिइएको छ भने भन्सार चोरी पैठारी निकासी नियन्त्रणमा पनि ठुलो सफलता प्राप्त भएको छ । यस्तो विषम परिस्थितिमा पनि मुलुकको समग्र राजस्व संकलनमा आशातित उपलब्धिको कारण कर परिपालनामा भएको सुधार नै हो, जसको लागि यस विभागबाट भएको अनुसन्धान, कारवाही तथा VCTS को प्रभावकारी कार्यान्वयन हो भन्ने कुरामा विभागको विश्वास रहेको छ ।

विभागबाट संचालित क्रियाकलापहरूबाट पछिल्लो समयमा राजस्व चुहावटका गतिविधीहरूमा क्रमशः कमी आउँदै गरेको भए तापनि प्रविधिको विकाससँगै व्यवसायको तैर तरिकामा आएको परिवर्तन, सेवा क्षेत्रको बिस्तार, सीमाक्षेत्रमा विद्यमान व्यापार विचलन, आन्तरिक तथा बाह्य रूपमा हुने हुण्डीको कारोबार, आर्थिक कारोबारमा डिजिटल प्रविधिको प्रयोग लगायतका गतिवधिहरूबाट राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनको नियन्त्रण गर्ने कार्य थप चुनौतीपूर्ण हुँदै गएको छ । राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनको दीगो नियन्त्रणका लागि अनुसन्धान तहकीकात तथा अभियोजनलाई तटस्थ विश्वसनीय र नतिजामुलक बनाउन विभाग प्रतिवद्ध रहेको छ । विभागको कार्यसम्पादनलाई थप व्यवस्थित गर्न विभागको दीर्घकालीन रणनीतिक योजना तर्जुमाको क्रममा रहेको छ । प्रस्तावित रणनीतिक योजनाको कार्यान्वयनबाट यस विभागको कार्यसम्पादन थप प्रभावकारी र नतिजामूलक हुने अपेक्षा गरिएको छ । राजस्व छली तथा आर्थिक अपराधका जोखिमयुक्त क्षेत्रमा अनुसन्धानलाई केन्द्रित गरिएबाट राजस्व प्रशासनमा पद्धतीको प्रवर्द्धन भई राजस्व संकलनमा सकारात्मक सुधार आएको छ । राजस्व चुहावट बहुआयामिक विषय भएको हुँदा यसको नियन्त्रणमा सबै पक्ष, क्षेत्रको सामुहिक प्रयास र प्रतिवद्धता आवश्यक हुने हुँदा यसै प्रकाशन मार्फत सबै पक्षमा हार्दिक अनुरोध गर्दछु । विभागका गतिविधी तथा सूचनामा सरोकारवाला सबैको पहुँचको लागि यसै आ.व.बाट त्रैमासिक रुपमा अनुसन्धान बुलेटिन प्रकाशनको सुरुवात गरेका छौं यो बुलेटिन आर्थिक क्षेत्रसँग सरोकार राख्ने व्यक्ति तथा निकायहरुका लागि उपयोगी हुने विश्वास लिएको छु । आर्थिक वर्ष २०७७/०७८ मा कुशलतापूर्वक कार्यसम्पादन गरी विभागको साख उच्च गराउन योगदान गर्ने तथा बुलेटिन तयारीमा संलग्न सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**(राम प्रसाद आचार्य)**
**महानिर्देशक**

## केन्द्रीय राजस्व चुहावट अनुगमन समितिको बैठक




केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक २०७७ असार १४ गते राजस्व अनुसन्धान विभागको सभाहलमा सम्पन्न भयो । जसबाट केन्द्रीय राजस्व चुहावट नियन्त्रण समिति तथा राजस्व चुहावट अनुगमन समितिका बैठकका निर्णयहरूको कार्यान्वनको अवस्थाको बारेमा छलफल भयो | साथै जिल्ला स्थित राजस्व चुहावट अनुगमन समितिको TOR थप परिमार्जन गरि केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिमा पेश गर्ने, केन्द्रीय राजस्व चुहावट अनुगमन समितिको गठन सम्बन्धनमा वर्तमान राजस्व संकलन/चुहावट नियन्त्रणसँग सम्बन्धित निकायका पदाधिकारी समेत संलग्न गरी स्वीकृतिका लागि पेश गर्ने निर्णयसहित Covid-19 को समयमा राजस्व संकलन/चुहावटका Trend का बारेमा समेत छलफल भयो।

## राजस्व चुहावट प्रवृत्तिहरू

### भन्सार राजस्वतर्फ

१) भन्सार नाकाभन्दा बाहिरबाट खुला सीमाको दुरूपयोग गरी विभिन्न मालवस्तु चोरी पैठारी गरी मुलुकको विभिन्न स्थानमा अवैध रूपमा सामान बिक्रीवितरण गर्ने गरेको ।

२) भन्सार विन्दुबाट सामान पैठारी गर्दा मालवस्तुको वर्गीकरण, मूल्याङ्कन, परिमाण, गुणस्तर र उत्पत्तिको देश समेत गलत घोषणा गरी महसुल चुहावट गर्ने गरेको ।

३) पैठारी हुने सामानको न्यून मूल्य घोषणा गरी वास्तविक कारोबार रकम नदेखाई भन्सार, आयकर र मूल्य अभिवृद्धि कर समेत चुहावट गर्ने गरेको ।

४) भन्सार विन्दुको नजिकमा गोदाम खडा गरी चोरी पैठारी भएका र चोरी निकासी गर्ने मालवस्तु भण्डारण र कारोबार गरी भन्सार राजस्व चुहावट गर्ने गरेको ।

५) विभिन्न Carrying फर्महरूबाट विदेशबाट मालसामान आयात गर्ने र त्यसरी आयातित माल सामानको विजक वास्तविक खरिदकर्तालाई जारी नगरी असम्बन्धित व्यक्ति/फर्मको नाममा जारी गरी आयकर र मूल्य अभिवृद्धी कर चुहावट हुने गरेको।

६) विभिन्न माध्यमबाट चोरी निकासी गर्ने उद्देश्यले अवैध रूपमा सूनको पैठारी गरी कारोबार गर्ने गरेको, यस्तो कारोबारबाट राजस्व चुहावट हुने मात्र नभई ठूलो मात्रामा विदेशी विनिमय अपचलन हुने अवस्था रहेको ।

७) राजस्व चुहावट गर्ने गराउने कार्यमा लेखापरीक्षक, कर सहयोगी, भन्सार एजेन्ट समेत प्रत्यक्ष रूपमा संलग्न हुने, मतियारी गर्ने जस्ता पेशागत मर्यादा विपरित समेत क्रियाकलाप हुने गरेको ।

### आन्तरिक राजस्वतर्फ

१) व्यावसायिक कारोबारमा यथार्थ मूल्यमा बिलविजक जारी नगर्ने तथा विजक नै जारी नगर्ने प्रवृत्तिका कारण आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क चुहावटको जोखिम व्यापक रूपमा रहेको ।

२) न्यून आयस्तर भएका सोझा, सर्वसाधारण, मजदुर, कामदार तथा कर्मचारीहरूको नाममा फर्म तथा कम्पनीहरू खडा गरी नक्कली मूल्य अभिवृद्धि कर विजक जारी गरी विभिन्न फर्म तथा कम्पनीहरूलाई बिक्रि गर्ने र यस्ता नक्कली कर विजक प्रयोग गरी मू.अ.कर कट्टी लिने र आयकरतर्फ खर्च कट्टी दावी गरी कर दायित्व घटाई राजस्व चुहावट हुने गरेको ।

३) ठूला परियोजनाहरू, निर्माण व्यवसाय, सार्वजनिक निकायमा आपूर्ति गर्ने कतिपय फर्महरूले ठूलो मात्रामा नक्कली बिल, विजक प्रयोग गर्ने गरेको ।

४) सेवा क्षेत्र विशेष गरी होटल, अस्पताल, शैक्षिक संस्था तथा मेडिकल कलेजहरूले बिलविजक जारी नगर्ने, वास्तविक बिक्री आय नदेखाउने गरी आयकर तथा मू.अ.कर दायित्व घटाउने गरेको ।

५) ठूला परियोजना, ठूला पूर्वाधार आवश्यक पर्ने व्यवसायहरूमा पूर्वाधार निर्माणमा नक्कली विजकको प्रयोग, अवास्तविक खर्च दावी लगायतका माध्यमबाट सम्पत्तिको बढी पूँजीकरण देखाई आयकर तथा मू.अ.कर चुहावट गर्ने गरेको ।

६) Digital Platform बाट संचालन हुने व्यवसायहरू दर्ता नगर्ने, दर्ता गरेपनि वास्तविक कारोबार नदेखाउने, बिलविजक जारी नगर्ने लगायतका क्रियाकलापबाट कर चुहावट गरी कर दायित्वबाट पन्छिने गरेको ।

७) Online बाट हुने कतिपय कारोबारहरू र विदेशबाट प्राप्त हुने आयलाई कर प्रयोजनको लागि घोषणा नगर्ने गरेको।

८) कम्पनीको शेयर हस्तान्तरण हुँदा यथार्थ कारोबार रकम घोषणा नगर्ने र आयकर ऐन बमोजिम पूँजीगत लाभकर र स्वामित्व परिवर्तन वापतको कर दायित्व पालन नगर्ने प्रवृत्ति रहेको ।

९) शहरी क्षेत्रमा घर जग्गा कारोबार बढ्दै गएको, जग्गा किनबेच र प्लटिङ्ग गर्ने व्यवसायिक क्रियाकलापहरू बढ्दै गएपनि वास्तविक कारोबार मूल्य घोषणा नगरी कर तथा गैरकर राजस्व चुहावट गर्ने गरेको।

१०) बहुराष्ट्रिय कम्पनीहरूमा आयकर दायित्व घटाउने उद्देश्यले मूल्य रूपान्तरण, व्यवस्थापन शुल्कलगायतका अप्रत्यक्ष माध्यमबाट मुनाफा फिर्ता र राजस्व चुहावटको जोखिम उच्च रहेको ।

११) निर्माण सामग्रीहरू विशेष गरी ढुङ्गा, बालुवा, रोडा तथा ईंटाको कारोबारमा विजक जारी नगर्ने तथा वास्तविक कारोबार भन्दा न्यून घोषणा गरी राजस्व चुहावट हुने गरेको ।

१२) व्यावसायिक कारोबारमा विभिन्न व्यक्तिगत बैंक खाताबाट संचालन गर्ने र वास्तविक कारोबार लुकाउने प्रवृत्तिले राजस्व चुहावटको जोखिम बढेको ।

१३) सूर्तिको कारोबारमा अन्तःशुल्क स्टिकर नलगाउने, अवैध रूपमा कच्चा पदार्थ पैठारी हुने, मूल्य, गुणस्तर र परिमाण फरक पारी राजस्व चुहावट हुने गरेको।

## विदेशी विनिमय अपचलनतर्फ

१) नेपाल राष्ट्र बैंकको सूचनाले मिति २०७५।१०।०३ गतेदेखि नेपालमा प्रतिबन्ध लगाएका भारतीय रूपैयाँ २००, ५००, १,००० र २,००० दरका नोटहरूको ओसारपसार हुने गरेको।

२) भारत बाहेक अन्य मुलुकका मुद्रा नेपालभित्र ल्याउँदा नेपाल राष्ट्र बैंकको मिति २०७५।१२।२६ को सूचनाअनुसार भन्सार घोषणा गरी ल्याउन लैजान पाउने ५,००० अमेरिकी डलर भन्दा बढी रकम ओसारपसार भएको ।

३) विदेशी विनिमय साट्न अधिकार पाएका वित्तिय संस्थाहरूले रेकर्ड नराखी विदेशी मुद्रा सटही गरी विदेशी विनिमय अपचलन गर्ने गरेको ।

४) देहायका तरीकाहरूबाट अवैध हुण्डी कारोबार हुने गरेको :

- भन्सार छलि तथा अवैध निकासी पैठारीको कारोबारमा हुने भुक्तानी, न्यून भन्सार मूल्याङ्कन गरी वास्तविक मूल्यको गैर बैंकिङ्ग भुक्तानी,
- वैदेशिक रोजगारमा गएका कामदारले रेमिट्यान्स पठाउदा रोजगारीकै मुलुकमा रहेका एजेन्टलाई रकम दिई नेपालमा रहेका परिवारले गैर बैंकिङ्ग प्रणालीबाट लिने भुक्तानी ।
- नेपाली विद्यार्थी विदेशमा पढ्न जाँदा तथा नेपाली नागरिकहरू विदेशमा उपचार गराउन जाँदा गैर बैंकिङ्ग प्रणाली मार्फत रकम लैजाने/पठाउने ।
- सुनको तस्करी तथा अन्य मालवस्तु समेतको कारोबारबाट ।

### आ.व. २०७७/७८ को राजस्व चुहावट, विदेशी विनिमय अपचलन तथा VCTS अनुगमनको प्रगतिको तुलनात्मक प्रस्तुती

| विभाग तथा कार्यालयहरु | राजस्व चुहावट | | | विदेशी विनिमय अपचलन | | | VCTS अनुगमन | |
|---|---|---|---|---|---|---|---|---|
| | मुद्दा दर्ता | प्रतिवादी संख्या | विगो रकम रु. (करोड) | मुद्दा दर्ता | प्रतिवादी संख्या | विगो रकम रु. (करोड) | कारवाही संख्या | जरिवाना रकम रु.(करोड) |
| राजस्व अनुसन्धान विभाग | ५६ | २४७ | १६०१।१६ | २१ | ४४ | २६४।१९ | १२३ | १।५८८ |
| राजस्व अनुसन्धान कार्यालय ईटहरी | ९ | २८ | १६।१६ | ७ | १६ | ०।१८९ | १३४ | १।०२२ |
| राजस्व अनुसन्धान कार्यालय पथलैया | १२ | ३० | ११४।७३ | १२ | १४ | ०।९८३७ | ३२४ | ३।०४ |
| राजस्व अनुसन्धान कार्यालय बुटवल | ६ | ९ | २४९।०८ | ५ | १३ | २२८।९१ | ३७५ | १।६२१ |
| राजस्व अनुसन्धान कार्यालय कोहलपुर | १ | ३ | ०।८१३ | ९ | २७ | ०।३०७३ | ८३ | ०।२३२५ |
| कुल जम्मा | ८४ | ३१७ | १९८१।९४३ | ५४ | ११४ | ४९४।५८ | १०३९ | ७.५०३५ |

आ.व. २०७७।०७८ मा यस विभागबाट सम्पादन भएको मुख्य कार्यहरूको प्रगति विवरण तथा राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन सम्बन्धी प्रवृत्ति हेर्दा गत आ.व. २०७६/०७७ मा राजस्व चुहावटको कसुरमा ९७ वटा मुद्दामा ३२० जना विरुद्ध राजस्व चुहावटको कसुरमा १५ अर्ब १५ करोड ०८ लाख विगो असुल उपर गरी जरिवाना र कैद सजाय समेत माग दावी लिई विभिन्न जिल्ला अदालत तथा उच्च अदालतमा मुद्दा दायर गरिएको तथा विदेशी विनिमय अपचलन तथा अवैध हुण्डी कारोबारमा विभिन्न जिल्ला अदालतमा १४७ वटा मुद्दा दर्ता गरी १ अर्ब २२ करोड ९७ लाखको विगो माग दावी लिई २२६ जना विरुद्ध विभिन्न जिल्ला अदालतमा मुद्दा दायर गरिएकोमा आ.व. २०७७/७८ मा मुद्दा संख्या केही कम भए पनि विगो दावी अझ बढी गरिएको देखिएको छ ।

### वेबमा आधारित मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली

**(Vehicle and Consignment Tracking System – VCTS)**


**२०७८ असार मसान्तसम्म**

| | |
|---|---|
| प्रयोगकर्ता (संख्या) | १,२८,८०० |
| बिल प्रविष्टी (संख्या) | १,८१,०७,७७६ |
| प्रज्ञापनपत्र प्रविष्टी (संख्या) | ८,५९,७५९ |
| चलान प्रविष्टी (संख्या) | ७,७९,८५५ |
| कारोबार रकम प्रविष्टी (रू.) | ५४ खर्ब ८९ अर्ब |
| अनुगमनबाट जरिवाना गरिएका फर्म/कम्पनीहरू (संख्या- आ.व. २०७७/०७८) | १०३९ |
| असूल भएको जरिवाना रकम (रू.- आ.व. २०७७/०७८) | ७ करोड ५० लाख ४४ हजार |

राजस्व अनुसन्धान विभागले २०७६।०४।०१ गतेदेखि मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System-VCTS) कार्यान्वयमा ल्याइएको थियो । २०७७ असार मसान्तसम्म यो प्रणालीमा करीब ९० हजार प्रयोगकर्ता आवद्ध भएकामा २०७८ असार मसान्तमा १,२८,८०० पुगेका छन् । यो प्रणालीको कार्यान्वयनबाट स्वस्थ व्यावसायिक प्रतिस्पर्धा कायम भई व्यावसायिक प्रयोजनका मालवस्तुको एकीकृत र विश्वसनीय तथ्यांक प्राप्त भई कराधारमा व्यापक बिस्तार हुनका साथै राजस्व चुहावट नियन्त्रणका लागि आवश्यक सूचनाको महत्त्वपूर्ण स्रोतको रूपमा स्थापित भएको छ ।

## राजस्व चुहावट सम्बन्धी परिदृष्यहरू







नक्कली क्याबिन (False Cabin): भारतबाट हेलमेट लगायतका मालवस्तु पैठारी भएको मालवाहक ट्रकमा फल्स बटम बनाएर ठूलो परिमाणमा कपडा तस्करी हुने गरेको फेला पारिएको ।






मालवस्तु (Water Pump) भित्र लुकाएर सुन चोरी पैठारी/निकासी गरेको



राजस्व अनुसन्धान विभागले उच्च सरकारी वकिल कार्यालयसँग गरेको अन्तरक्रियाको एक दृष्य



चोरी पैठारी गरेको मालवस्तु राखिएको गोदाममा छापा मारी मालवस्तु भौतिक परीक्षण गरी जफत गरिएको दृष्य



विभागबाट आकस्मिक निरीक्षणको क्रममा मालवस्तु राखेको गोदामको भौतिक परीक्षण गर्दै अनुसन्धानका कर्मचारीहरू



अवैध सुन ओसार पसारमा संलग्न फर्मको कार्यालयमा खानतलासी गर्दै कागजात नियन्त्रणमा लिइएको



## अनुसन्धानसम्बन्धी समाचारहरू



समाचार

### रु. ७७ करोड राजस्व छल्ने कम्पनीहरु विरुद्ध मुद्दा दायर

हिमालखबर | शुक्रवार, २६ असार, २०७७



राजस्व अनुसन्धान विभागले राजस्व छलीको आरोपमा जिमी ग्रुपसहितका विभिन्न फर्म, कम्पनी र व्यक्तिविरुद्ध उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ । यी फर्म, कम्पनी र व्यक्तिले करीब रु. ७७ करोड राजस्व छलेको विभागले जनाएको छ।

जिमी ग्रुपले वस्तु तथा सेवा नै खरीद नगरी झुटा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजक मात्र खरीद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावट गरेको फेला परेको विभागले जनाएको छ । जिमी ग्रुपका सञ्चालक विरुद्ध विभागले रु. १८ करोड



### अर्बौं कर छली गरेको भन्दै कोकाकोलामा राजस्वको छापा, कागजात नियन्त्रणमा लिएर अनुसन्धान

क्लिकमाण्डू

काठमाडौं । अर्बौं राजस्व छली गरेको भन्दै राजस्व अनुसन्धान विभागले कोकाकोला उत्पादन गर्ने कम्पनी बोटलर्स नेपाल लिमिटेडमा छापा मारेको छ । केही दिनअघि विभागको टोलीले छापा मारेर महत्वपूर्ण कागजात नियन्त्रणमा लिएको हो ।

'विभागले बोटलर्स नेपालले प्रयोग गर्दै आएको कम्युटरको हार्डडिस्क, ल्यापटप र कम्पनीसँग सम्बन्धित महत्वपूर्ण कागजात नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ,' विभाग स्रोतले क्लिकमाण्डूसँग भन्यो ।



### दुई अर्ब राजस्व छलेको अभियोगमा १३ फर्मसहित १६ जना विरुद्ध मुद्दा

सेतोपाटी



नक्कली मूल्य अभिवृद्धि कर (भ्याट) बिल प्रयोग गरी राजस्व छलेका अभियोगमा राजस्व अनुसन्धान विभागले १३ फर्मसहित १६ जनाविरुद्ध मुद्दा दायर गरेको छ।

विभागले भ्याट ६४ करोड ५० लाख ९७ हजार ८७२



### राजस्व छली गर्ने तीन फर्मविरुद्ध मुद्दा

वैशाख २, २०७८ | कान्तिपुर संवाददाता

काठमाडौं — राजस्व छल्ने तीन फर्मविरुद्ध राजस्व अनुसन्धान विभागले पाटन उच्च अदालतमा मुद्दा दायर गरेको छ ।

विभागले झूटा मूल्य अभिवृद्धि कर प्रयोग गरी राजस्व छल्ने दुई र राजस्व चुहावट गर्ने एक फर्मलाई जरिवाना र कैद माग गर्दै अदालतमा मुद्दा दर्ता गरेको हो ।

राजस्व छलेको अभियोगमा विभागले हेटौंडा महानगरपालिकास्थित न्यु राहुल मोबाइल सेन्टर हेटौंडा, वीरगन्ज महानगरपालिकास्थित ब्याहुत ट्रेडर्सविरुद्ध ३० करोड २८ लाख २ हजार ५ सय रुपैयाँ जरिवाना र

## राजस्व अनुसन्धान विभागको अनुरोध

तपाईंको घर, छिमेक, टोल, समुदाय कहिंकतै अवैध रूपमा व्यापारिक मालवस्तुहरूको ओसारपसार गरेको, नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने कर रकम नबुझाई वा कम बुझाई वा गलत अभिलेख तयार गरी कर छलि गरेको वा विदेशी विनिमय अपचलन सम्बन्धी कसूर गरेको वा आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, भन्सार महसुल वा गैरकर छलि सम्बन्धी कसूर गरी राजस्व चुहावट गरेको पाइएमा लिखित वा मौखिक रूपमा यस विभाग वा अन्तर्गतका राजस्व अनुसन्धान कार्यालयहरूमा जानकारी गराउनु हुन अनुरोध गरिन्छ। तपाईंले दिएको सूचनाले **"समृद्ध नेपाल सुखी नेपाली"** को महान अभियान सफल बनाउनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ । सूचनादाताको गोप्यता कायम राख्दै उक्त सूचनाको सत्यता परीक्षण पश्चात अदालतबाट हुने फैसला बमोजिम तपाईंलाई पुरस्कृत समेत गरिनेछ ।

**राजस्व अनुसन्धान विभागको सम्पर्क नम्बर**

**टेलिफोन नं. ०१-५०१००५७, टोल फ्रि नम्बरः १६६०-०१-५५०००**


**संरक्षक**
राम प्रसाद आचार्य

**सल्लाहकार**
शिवलाल तिवारी

**सम्पादन समूह**
मुक्तिराम अर्याल
निर्मल मैनाली
प्रकाश पोखरेल
सुरेश बसौला

**प्रकाशक**
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर।
टेलिफोनः ०१-५०१००८५, ५०१०१०६, ५०१००५७,
फ्याक्सः ०१-५५२४०२३,
टोल फ्रि नं. :१६६०-०१-५५०००
इमेलः **info@dri.gov.np**,
वेबसाइटः **www.dri.gov.np**